---

आज मिति २०८१ साल श्रावण ०५ गते शनिवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री गोपाल राई | |
| ५ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ६ | सदस्य | श्री राम प्रसाद राई | |
| ७ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ८ | सदस्य | श्री नविन राई | |
| ९ | सदस्य | श्री सन्तोष राई | |
| १० | सदस्य | श्री रोशन मगर | |
| ११ | सदस्य | श्री बालदिप राई | |
| १२ | सदस्य | श्री सुक माया राई | |
| १३ | सदस्य | श्री शान्ति राई | |
| १४ | सदस्य | श्री सुजता प्रधान | |
| १५ | सदस्य | श्री भवानी विष्ट | |
| १६ | सदस्य | श्री मञ्जु भुजेल | |
| १७ | सदस्य | श्री गोविन्द परियार | |
| १८ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | ~~बिपन सुवेदी~~ प्राविधिक शाखा | श्री बिपन सुवेदी | |
| २२ | सब - इन्जिनियर | श्री रिमलाल गिरी | |

प्रमुख प्रशासकीय अधिकृत
२०८१/४/५

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंका, भोजपुर

०८१/४/५
अशोक राई
अध्यक्ष

प्रस्तावहरु

१. आर्थिक वर्ष २०८१/८२ को आमचोक गाउँपालिकाको दररेट स्वीकृति सम्वन्धमा
२. आर्थिक वर्ष २०८१/८२ को आमचोक गाउँपालिकाको खरीद योजना स्वीकृति सम्वन्धमा
३. करार कर्मचारीहरुको म्याद थप सम्वन्धमा
४. न्यायीक समितिको लागि कानुनी परामर्श सेवाको कार्यविवरण स्वीकृत गरी छनौटको लागि सूचना प्रकाशन सम्वन्धमा
५. गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमको वजेट वाँडफाँड तथा वडा छनौट सम्वन्धमा
६. कन्टिन्जेन्सी रकम वाँडफाँड सम्वन्धमा
७. स्काभेटर मेसिन खरीद प्रकृया अगाडी वढाउने सम्वन्धमा
८. परामर्श सेवा,फर्म,सप्लायर्स,विज्ञापन एजेन्सीहरुलाई सूचिकृत हुने सूचना आह्वान सम्वन्धमा
९. गाउँपालिकामा सञ्चालन हुने तालिमको लागि प्रशिक्षकहरु सूचिकृत हुने सम्वन्धमा
१०. पेट्रोल र डिजल खरीदको सम्झौता नविकरण सम्वन्धमा
११. घरधनी र जग्गा धनीहरुसंग भाडाको सम्झौता नविकरण सम्वन्धमा
१२. योजना किताव र उपभोक्तासंग सम्वन्धीत डकुमेन्टहरु छपाई सम्वन्धमा
१३. ल्याण्डक्रुजर मर्मत सम्वन्धमा
१४. कृषि उपज संकलन केन्द्र ब्यवस्थापन समिति गठन सम्वन्धमा
१५. गरिव तथा जेहन्दार विद्यार्थीहरुलाई छात्रवृतिको लागि सूचना प्रकाशन सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**
प्रस्ताव १ माथि छलफल भई दर रेट निर्धारण समितिवाट सिफारिस भई आए वमोजिम आमचोक गाउँपालिकाको २०८१/८२ को दर रेट स्वीकृत गर्ने ।

**निर्णय नं.२**
प्रस्ताव २ माथि छलफल भई आमचोक गाउँपालिकाको कार्यालयको विभिन्न शाखाहरुवाट पेश भए वमोजिम आर्थिक वर्ष २०८१/८२ को आमचोक गाउँपालिकाको वार्षिक खरीद योजना स्वीकृत गर्ने ।

**निर्णय नं.३**
प्रस्ताव नं. ३ माथि छलफल भई कार्य सम्पादनको आधारमा तपशिल वमोजिमको करार कर्मचारीहरुको म्याद २०८१ पौष मसान्त सम्म थप गर्ने ।

**प्रशासन तर्फ**

| क्र.सं. | कर्मचारीको नाम | पद | श्रोत | सेवा |
|---|---|---|---|---|
| १ | राजेश राई | कम्प्युटर अपरेटर | गाउँपालिकाको राजश्व अनुदान | करार |

**प्राविधिक तर्फ**

| क्र.सं. | नाम | पद | श्रोत | सेवा |
|---|---|---|---|---|
| १ | विपन सुवेदी | इन्जिनियर | गाउँपालिकाको राजश्व अनुदान | करार |

प्रमाणीत

प्रमुख प्रशासकीय अधिकृत
२०८१/४/५

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर

०८१/४/५
अशोक राई
अध्यक्ष

**निर्णय नं.४**

प्रस्ताव ४ माथि छलफल भई आमचोक गाउँपालिकाको न्यायिक समिति अन्तर्गत विगत वर्षहरुमा कानुनी परामर्श सेवा लिइ रहेकोमा यस आर्थिक वर्षमा पनि सार्वजनिक खरीद ऐन २०६३ को परिच्छेद-४ को दफा २९ को (क) वमोजिम न्यायिक समितिको लागि कानुनी परामर्श सेवा लिन वार्षिक रु.३०००००। (अक्षेरुपी तीनलाख मात्र) भुक्तानी दिने गरी योग्यता पुगेका व्यक्ती वा संस्था छनौट गरी परामर्श सेवा लिने साथै कानुनी परामर्श सेवा लिनको लागि खरीद समितद्वारा तयारी गरिएको कानूनी परामर्श सेवा छनौटको कार्यविवरण (TOR) स्वीकृत गर्ने ।

**निर्णय नं.५**

प्रस्ताव ५ माथि छलफल भई आर्थिक वर्ष २०८१/८२ मा आमचोक गाउँपालिका वडा नं १ वासिङ्थर्पूमा गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्ने । सो कार्यको लागि तपशिल वमोजिम संघीय सरकार शसर्त तर्फ वजेट प्राप्त भएकोले गरीवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका अनुसार वजेट वाँडफाँड गर्ने ।

| क्र.सं. | कृयाकलाप | रकम रु. |
|---|---|---|
| १ | **नयाँ लघु उद्यमी सिर्जना तर्फ रु.९२००००।** | |
| १.१ | उद्धम विकासका लागि सामाजिक परिचालन (९ किसिमको फारम छपाई, वडा स्तरीय अभिमूखिकरण र पिआर ए गर्ने सामग्री खरीद) | ५०००० |
| १.२ | उद्यमशिलता विकास तालिम( आफ्नो व्यवशाय शुरुवात तथा विकास) | ९०००० |
| १.३ | प्राविधिक सिप विकास तालिम | २३०००० |
| १.४ | प्रविधि हस्तान्तरण | १५०००० |
| १.५ | उद्यम विकास सहजकर्ता परिचालन(प्रशासनीक खर्च सहित) | ४००००० |
| २ | **लघु उद्यमींको स्तरोन्नति तर्फ रु.२४००००।** | |
| २.१ | उद्यमीहरुको स्तर उन्नती( पुनर्ताजगी तथा एडभान्स सिप विकास तालिम) | २४०००० |
| ३ | **प्रबिधि हस्तान्तरणतर्फ रु.१४००००।** | |
| ३.१ | समूहमा प्रविधि हस्तान्तरण | १४०००० |
| ४ | **साझा सुविधा केन्द्रको स्थापना रु.५०००००।** | |
| ४.१ | अति गरिब परिवारहरुको लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्रको स्थापना | ५००००० |
| | **जम्मा** | **१८०००००** |

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल भई आमचोक गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को कन्टिन्जेन्सी रकमलाई तपशिल वमोजिम वाँडफाँड गर्ने ।

| क्र.सं. | विवरण | रकम. | कार्यन्वयन समय | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | योजना खाता र उपभोक्ता समितिसंग सम्वन्धीत ७ किसिमको फारमहरु छपाई | ५००००० | पहिलो त्रैमासिक | योजना शाखा |
| २ | उपभोक्तालाई तालिम | ७००००० | दोश्रो त्रैमासिक | योजना शाखा |
| ३ | उपभोक्ता संग वडावडामा सम्झौता अभियान | ३००००० | दोश्रो त्रैमासिक | योजना शाखा |
| ४ | योजना अनुगमन | ३००००० | तेश्रो र चौथो | योजना शाखा |
| ५ | प्राविधिक फिल्ड भत्ता | ७००००० | चौथो त्रैमासिक | लेखा शाखा/प्राविधिक |
| ६ | वडा सचिवहरुको थप सुविधा | ३००००० | चौथो त्रैमासिक | प्रशासन शाखा |
| ७ | पत्र पत्रिका विज्ञापन | ३००००० | चौथो त्रैमासिक | लेखा शाखा/योजना शाखा |
| ८ | डिजल र पेट्रोल खरीद | ५००००० | चौथो त्रैमासिक | जिन्सि शाखा |
| ९ | सवारी चालकहरुको थप सुविधा | ३००००० | चौथो त्रैमासिक | प्रशासन शाख र लेखा |
| १० | एमआइएस शाखाको लागि Biomatrics खरीद | १५०००० | पहिलो त्रैमासिक | जिन्सि शाखा |
| | **जम्मा** | **४०५००००** | | |

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तालखा, भोजपुर

अशोक राई
अध्यक्ष

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल भई गाउँपालिको लागि स्काभेटर खरीद गर्न गाउँसभाले वजेटको व्यवस्था गरे वमोजिम प्राविधिक शाखाद्वारा स्काभेटर मेसिन खरीदको लागि स्पेशिफिकेशन र लागत अनुमान् तयारी प्रकृया अगाडी वढाउने ।

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथि छलफल भई आमचोक गाउँपालिकाको लागि आवश्यक सामग्रीहरु खरीद गर्न,सूचनाहरु प्रकाशन गर्न र अन्य गाउँपालिकाको शाखाहरुद्वारा सम्पादन गर्न नसक्ने कार्यहरु गर्नको लागि परामर्श सेवा, फर्म, सप्लायर्स र विज्ञापन एजेन्सीहरुलाई सूचिकृत हुने २१ दिनको सूचना राष्ट्रिय पत्रिमा प्रकाशन गर्ने ।

**निर्णय नं.९**

प्रस्ताव नं. ९ माथि छलफल भई आमचोक गाउँपालिकाको गाउँसभाले विनियोजित वजेट र गाउँपालिकाको तालिम तथा गोष्ठीको खर्च गर्ने मापदण्ड वमोजिम गाउँपालिकामा सञ्चालन हुने तालिम गोष्ठिको लागि प्रशिक्षकहरु सूचिकृत हुने २१ दिने सूचना राष्ट्रिय पत्रमा प्रकाशन गर्ने ।

**निर्णय नं.१०**

प्रस्ताव नं. १० माथि छलफल भई आमचोक गाउँपालिकाको कार्यालयमा रहेको जेनेरेटर,ल्याण्ड क्रुजर, व्याकहोलोडर,एम्वुलेन्स , स्काभेटर र ट्र्याक्टर सञ्चालन गर्नको लागि आवश्यक डिजल र गाउँपालिकाको शाखाहरुमा रहेको मोटरसाइकल, वडाहरुमा रहेको मोटरसाइकल र स्वास्थ्य संस्थाहरुको लागि आवश्यक पर्ने पेट्रोलको आपूर्तिको लागि रंगलक्ष्मी सप्लायर्स,वेलका-९ ,उदयपुरसंग गत आर्थिक वर्षदेखि सम्झौता गरी खरीद गरिरहेकोमा यस आर्थिक वर्षमा पनि सोहि वमोजिम हुने गरी सम्झौता नविकरण गर्ने ।

**निर्णय नं.११**

प्रस्ताव नं. ११ माथि छलफल भई घरधनी र जग्गा धनीहरुसंग तपशिल वमोजिमको प्रयोजनको लागि विगतदेखि जग्गा र घर भाडामा लिइ उद्देश्य अनुरुपको कार्य गरिरकेकोले आर्थिक वर्ष २०८१/८२ मो लागि २०८२ असार मसान्त सम्म लागु हुने गरि पुन सम्झौता नविकरण गर्ने ।

**तपशील :**

| सि.नं. | घरधनीको नाम/थर | प्रयोजन | महिना | दर | जम्मा |
|---|---|---|---|---|---|
| १. | श्री राम बहादु खत्री | अध्यक्षज्यूको कार्टर प्रयोजन | १२ | १९००० | २२८,०००।- |
| २. | श्री राम बहादुर खत्री | कृषि उपज संकलन केन्द्र | १२ | ८००० | ९६,०००।- |
| ३. | श्री परकाश कुमार बिष्ट | ६ नं. वडा कार्यालय प्रयोजन | १२ | ९००० | १०८,०००।- |
| ४. | श्री राजन बिष्ट | ४ नं. वडा कार्यालय प्रयोजन | १२ | ९३५० | ११२,२००।- |
| ५. | श्री दल बहादुर बिष्ट | सुरक्षित आवास गृह प्रयोजन | १२ | २०८३ | २४,९९६।- |
| ६. | श्री नारदमनि राई (रामश्वर राईको छोरा) | घारे सामुदायिम कृषि फर्म सञ्चालन | एकमुष्ट | | ५३,३५०।- |
| ७. | श्री गोबिन्द बहादुर बस्नेत | घारे सामुदायिम कृषि फर्म सञ्चालन | एकमुष्ट | | १४,३००।- |
| ८. | श्री मदन कुमार सुवेदी | मेडिकल अधिकृतको कार्टर प्रयोजन | १२ | ५५६० | ६६,७२०।- |
| ९. | श्री दुम्माना महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | अस्थायी प्रहरी चौकी | १२ | ४००० | ४८,०००।- |
| | | जम्मा | | | ७५१,५६६।- |

प्रमाणित

२०८१/४/५

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर

०८१/४/५

अशोक राई
अध्यक्ष

**निर्णय नं.१२**

प्रस्ताव नं. १२ माथि छलफल भई आमचोक गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को योजना किताव र उपभोक्तासंग सम्वन्धीत तपशिल वमोजिमको डकुमेन्टहरु छपाई गर्ने ।

| क्र.सं. | सामानको नाम | स्पेसिफिकेशन | माग गरिएको | |
|---|---|---|---|---|
| | | | एकाई | परिणाम |
| १ | योजना किताव २०८०/८१ (रेडवुक) | A4 साइज ८० ग्राम पेपर,कलर कभर २५० ग्राम पेपर,प्लाष्टिक कोटेड,१०४ पेज | गोटा | ६०० |
| २ | योजना खाता आमचोक डवल | A4 साइज ८० ग्राम पेपर,कलर कभर २५० ग्राम पेपर,४० पेज | गोटा | १००० |
| ३ | उपभोक्ता समिति दर्ता प्रमाण पत्र | A4 कलर २०० ग्राम पेपर | गोटा | १००० |
| ४ | योजना दर्ता किताव | A4 पेपर ८० ग्राम र कुट वाइन्डिङ (२५० डवल पेज) | गोटा | ३ |
| ५ | सम्झौता टिप्पणी | A4 कलर नेपाली कागज १ पेज | पेज | १००० |
| ६ | वैकलाई खाता खोल्ने सिफारिस पत्र | A4 पेपर ८० ग्राम पेपर १ पेज कलर | पेज | १००० |
| ७ | निकासा टिप्पणी | A4 कलर नेपाली कागज १ पेज कलर | पेज | १००० |
| ८ | डोर हाजिरी | A4 साइज ८० ग्राम पेपर १ पेज (५० सिट) | सेट | ३०० |

**निर्णय नं.१३**

प्रस्ताव नं. १३ माथि छलफल भई आमचोक गाउँपालिकाको ल्याण्ड क्रुजर (Prado Ba 2 cha 7408) सर्भिसिङ तथा मर्मतको प्रकृया अगाडी वढाउने ।

**निर्णय नं.१४**

प्रस्ताव नं. १४ माथि छलफल भई कृषि उपज संकलन केन्द्र संचालन गर्नु पर्ने भएकोले उक्त संकलन केन्द्र संचालनको लागी आमचोक गा.पा.को कृषि उपज संकलन केन्द्र संचालन कार्यबिधी २०८० को परिच्छेद-२ बमोजिम कृषि उपज संकलन केन्द्र ब्यवस्थापन समिति गठन गर्न तोक्रिएको पदाधिकारी बाहेक अन्य तपशिल बमोजिमको पदाधिकारीहरु छनौट गर्ने ।

तपशिल

| क्र.स. | छनौट गर्ने बिवरण | संख्या | पद |
|---|---|---|---|
| १. | **संचालक समितिको अध्यक्ष (गा.पा. अध्यक्ष)** | **१ जना** | **अध्यक्ष** |
| २. | **संकलन केन्द्रमा कारोवार गर्ने सकृय कृषकहरु मध्येवाट कम्तिमा २ जना महिला सहित ५ जना गा.पा.ले छनौट गर्ने** | **५ जना** | **सदस्य** |
| | १ लक्ष्मण हायु (वडा नं ७) | | |
| | २ महेश्वर पराजुली(वडा नं ४) | | |
| | ३ इश्वरमान कार्की ( वडा नं १) | | |
| | ४ कला राई ( वडा नं ४) | | |
| | एकजना अर्को कार्यपालिकाको वैठकले तोक्ने | | |
| ३. | **संकलन केन्द्रमा नियमित कारोवार गर्ने स्थानीय संकलक वा व्यपारीहरु मध्येवाट ३ जना गा.पा.ले छनौट गर्ने** | **३ जना** | **सदस्य** |
| | १ पर्शुराम सुवेदी ( वडा नं ४) | | |
| | २ कुल वहादुर मगर ( वडा नं ९) | | |
| | ३ हाकिम सिं राई ( वडा नं ३) | | |
| ४. | **बजार स्थल रहेको गा.पा.को वडा अध्यक्ष वा सदस्य १ जना,बजार स्थलको टोल बिकास संस्थाका सदस्य १ जना** | **२ जना** | **सदस्य** |
| | १ . वडा नं. ४ को वडा अध्यक्ष श्री नेत्र वहादुर खत्री | | |
| | २. वालंखा टोल विकास संस्थाको अध्यक्ष श्री निर वहादुर राई | | |
| ५. | **संकलन केन्द्रको सेवा क्षेत्र भित्र सकृय रहेका कृषि सहकारी,कृषि समूह र कृषि फर्म मध्येवाट ३ जना गा.पा.ले छनौट गर्ने** | **३ जना** | **सदस्य** |
| | १ रविन राई ( वालंखा कृषि सहकारी आमचोक-४) | | |
| | २ हरी प्रसाद राई (आमचोक कृषि सहकारी आमचोक-४) | | |
| | ३ अमर खत्री (आमचोक कृषि तथा पशु पंक्षी विकास फर्म आमचोक-१०) | | |
| ६. | **कृषि शाखाको प्रमुख वा प्रतिनिधि १ जना** | **१ जना** | **सदस्य** |
| | कृषि शाखा प्रमुख | | |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

२०८१/४/५

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर

२०८१/४/५

अध्यक्ष

| क्र.स. | छनौट गर्ने बिवरण | संख्या | पद |
|---|---|---|---|
| ७. | संकलन केन्द्र व्यवस्थापन समितिको व्यवस्थापक वा तोकिएको कर्मचारी(निर्णय प्रकृयामा मताधिकार नहुने) | १ जना | सदस्य सचिव |
| | कार्यपालिकाको अर्को वैठकले छनौट गर्ने । | | |

**निर्णय नं.१५**

प्रस्ताव नं. १५ माथि छलफल भई प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा तालिम परिषद (CTEVT) को आंगिक शिक्षालयको रूपमा सुम्निमा बहुप्राविधक शिक्षालयमा शैक्षिक सत्र २०८१ देखि ३ वर्षे डिप्लोमा तहको सिभिल ईन्जिनियरिङ, कृषि (बालि विज्ञान) र कृषि (पशु विज्ञान) विषयमा संचालित डिप्लोमा तथा प्रमाणपत्र तह र सहिद स्मृति माध्यमिक विद्यालय,इटहरीमा +2 अध्यायनको लागि लागि यस गाउँपालिकाले गरिव तथा जेहन्दार विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराउनको लागि अध्यान गर्न ईच्छुक विद्यार्थीहरुलाई निम्न कोटामा छात्रवृत्तिको लागि १५ दिनको सूचना आह्वान गर्ने ।

**सुम्निमा बहुप्राविधक शिक्षालय,भोजपुर**

- सिभिल इन्जिनियरिङ तर्फ - २ जना ।
- कृषि (बालि विज्ञान) तर्फ - २ जना ।
- कृषि ( पशु विज्ञान) तर्फ - २ जना ।

**सहिद स्मृति माध्यमिक विद्यालय,इटहरी**

- विज्ञान संकाय तर्फ-२ जना
- होटल म्यानेजमेन्ट संकाय तर्फ-२ जना
- व्यवस्थापन संकाय तर्फ -२ जना

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत
२०८१/४/५

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

२०८१/४/५
अशोक राई
अध्यक्ष